राजधानी
आर्थिक
www.rajdhanidaily.com
सोमबार २५ वैशाख २०८०
(Monday 8 May 2023)

सुन-चाँदी

छापावाल प्रतितोला	- रू.११०,६००/-
तेजाबी प्रतितोला	- रू.११०,०५०/-
चाँदी प्रतितोला	- रू.१,४४५/-

यामाहा नेपालले ल्यायो 'ब्लु स्ट्रिक्स'

काठमाडौं/रास- यामाहा नेपालले यामाहा ब्लू स्वेयार, नक्सालमा आपनो बहुपुतिक्षित 'ब्लू स्ट्रिक्स' पहल सुरु गर्ने घोषणा गरेको छ। यामाहा मालिकहरूलाई एकै ठाउँमा ल्याउन र चालक तथा उनीहरूका मोटरसाइकलहरूबीच बलियो सम्बन्ध सिर्जना गर्न डिजाइन गरिएको 'ब्लू स्ट्रिक्स' एक रोमाञ्चक र नवीन कार्यक्रम हो।

'ब्लू स्ट्रिक्स' यामाहाको आपना ग्राहकसँग गहिरो सम्बन्ध विकास गर्न र भविष्यमा 'म्यान-मेसिन' अन्तरक्रियालाई थप आकर्षक र रोमाञ्चक अनुभव बनाउने प्रतिबद्धताको एक हिस्सा भएको बताइएको छ।

'ब्लू स्ट्रिक्स' कार्यक्रममा सामेल भएर यामाहा मालिको यामाहा समुदायसँग संलग्न भई विभिन्न फाइदा र अवसरहरू प्राप्त गर्नेछन्। विशेष कार्यक्रमका अवसर र सबारीहरूदेखि लिएर भविष्यमा आउने विशेष प्रमोशन र छुटहरूसम्म प्रदान गरि 'ब्लू स्ट्रिक्स' ले यामाहा मालिकहरूका लागि थप निकटता र रमाइलो अनुभव सिर्जना गर्ने लक्ष्य राख्दोको छ।

'ब्लू स्ट्रिक्स'को सुरुवात यामाहाका लागि महत्त्वपूर्ण कोसेढुंगा हो, 'माउ इन्टरप्राइजेजका प्रमुख कार्यकारी अधिकृत राजु श्रेर्जिल भने। रूझामी सम्पूर्ण यामाहा मालिकलाई एकै ठाउँमा ल्याउन र उनीहरूसँग बलियो सम्बन्ध बनाउन पाउँदा हर्षित छौं। हामो लक्ष्य भनेको मोटरसाइकल र खुला सडकप्रति आफ्नो प्रेम बाँड्न सक्ने भावुक र जिम्मेवार यामाहा मालिकहरूको समुदाय सिर्जना गर्नु हो।'

बेनेलीको ग्राब द डिल नयाँ सफर धमाकेदार अफर

काठमाडौं/रास- के टिएम इन्टरनेशलन ट्रेडिङले इटालीमा निर्मित विश्वकप्रिमा बढी बिक्री हुने मोटरसाइकलले 'नयाँ सफर दमदार अफर" ल्याएको छ। यो अफर बेनेली मोटरसाइकल र स्कुटरमा लागू हुने बताइएको छ। यस अफरमा ग्राहकहरूले ६० हजारसम्म छुट पाउन सक्छन् जसमा नगद छुट, बेनेली बाण्डको हेल्मेट, सहुलियत तथा अन्य आकर्षक उपहारहरू हुने बताइएको छ। यस अफरबाट तीन वटा फाइदा लिन सकिने बताइएको छ। ३५ हजार नगद छुट, रु.१२ हजार रकम बराबरको बेनेलीको हेल्मेट, २०८०/८१ को सडक कर सहुलियत (सरकारी नियम अनुसार) तथा आकर्षक उपहारबरू प्रदान गरिने बताइएको छ। बेनेली नेपाल सन् १९११ मा स्थापित इटालियन दुई पाङ्रे सबारीसाधन बेनेली विश्वकै बलियो र स्पोर्टस् मोटरसाइकल उत्पादन गर्ने एउटा लोकप्रिय ब्राण्ड हो।

बेनेलीको उत्कृष्ट प्रविधिले चालकबरूलाई सम्पूर्ण सुविधा, सुरक्षा र सबारीको आनन्द प्रदान गर्दछ। बेनेलीका चालकले सर्वोत्कृष्ट उत्पादनका साथै सन्तुष्टिको भावनात्मक नाता पनि स्थापित गर्न पुग्दछ। ग्राहकको सन्तुष्टिलाई ध्यानमा राख्दै बेनेलीले निम्न मोडल र मूल्यका मोटरसाइकल नेपाली बजार ल्याएको छ।

मुलुकको आर्थिक विकासका लागि सबै मिलेर काम गरौं : अर्थमन्त्री महत

काठमाडौं/रास- अर्थमन्त्री डा. प्रकाश शरण महतले मुलुकको आर्थिक विकासका लागि सबै मिली काम गर्नुपर्ने खाँचो औल्याएका छन्। खस्किँदो अर्थतन्त्रलाई उकास्न सम्बद्ध सबै पक्षसँगै मिलेर अगाडि बढ्नुपर्ने आवश्यकता औल्याइएको हो।

नेपाल सुनचाँदी व्यबसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा आइतबार गएको महासंघको प्रतिनिधि मण्डलसँगको भेटमा उनले आर्थिक विकासका लागि सरकार र निजी क्षेत्र मिलेर अगाडि बढ्नुपर्ने खाँचो औंल्याए।

त्यसक्रममा मन्त्री महतले आर्थिक विकास र परिवर्तनका लागि राम्रा राम्रा योजना र सुझाब ल्याउन समेत आग्रह गरे। आफूले मुलुकको अर्थतन्त्रलाई नजिकबाट नियालिरहेको उल्लेख गर्दै सबै मिलेर अगाडि बढ्दा तीब्रतर विकास गर्न कठीन नहुने उनले बताए। त्यसक्रममा उनले सुनचाँदी व्यबसायमा देखिएको समस्या समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए।

मन्त्री महतसँगको भेटका क्रममा महासंघका तर्फबाट अध्यक्ष शाक्यले आर्थिक विकासमा सुनचाँदी व्यबसायीको भूमिकाका बिषयमा जानकारी गराएको थियो। त्यसक्रममा उनले सुनचाँदी क्षेत्रमा देखिएका समस्या समाधानका लागि पहल गर्ने मन्त्री महतसँग आग्रह समेत गरे। अध्यक्ष शाक्यले सुनचाँदी कारोबार सम्बन्धी नीति, सुनको आपूर्ति लगायतका बिषयमा मन्त्री महतको ध्यानाकर्षण गराएको थियो।

भेटका क्रममा अर्थ मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखेल, आर्थिक सल्लाहकार डा. पोषराज पाण्डे लगायतको सहभागिता रहेको थियो। त्यसक्रममा महासंघकातर्फ बनोट अध्यक्ष शाक्यसँगै उपाध्यक्ष बिपिन रामुदासु र प्रवक्ता मनोज साह लगायतको उपस्थिति थियो।

राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सुचना प्रकाशित मिति : २०८०/०१/२५

यस परिषद्बाट मिति २०७९/०९/२२ गते गोर्खापत्र दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सुचना अनुसार E-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तल उल्लेखित कार्यको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को २७ (२) वमोजिम स्विकृत गर्ने आशयको ७ (सात) दिने सुचना सम्बन्धीत सबैको लागि प्रकाशित गरिएको छ।

क्र.सं.	कार्यको विवरण	छनौट भएको बोलपत्रदाता	कबोल रकम रु. (मु.अ.कर र पि.एस.बाहेक)
१	Construction of Players Pavilion at pokhara cricket stadium, kaski	श्री ATUT ENGINEERING PVT. LTD	१,२८,५०,५६४।८४

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विकास डिभिजन
सिन्धुली

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/०१/२५

यस कार्यालयबाट २०७९/११/२५ को पुनःबोलपत्रको सुचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

क.स	ठेक्का न	सफल बोलपत्रदाता	कबोल अंक (भ्याट तथा PS बाहेक)
1.	WRIDD-SINDH/ SSISP/ NCB-02/079-080	Bhadrakali/Pulami Nirman Sewa J.V Jarayotar-7, Sindhuli	18,272,176.60
2.	WRIDD-SINDH/ AISP/ NCB-03/079-080	Bhadrakali/Pulami Nirman Sewa J.V Jarayotar-7, Sindhuli	16,948,889.80

डिभिजन प्रमुख

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८०/०१/२५

यस रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०७९।१२।१३ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दि बोलपत्र सम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि आजैका मिति देखि लागु हुने गरि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि.नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस. सहित)
१	Construction of Asphalt Road and Drain, Ward No. 1 (RAT/CHITWAN/Works/ NCB/21 /2079-80	श्री R. and B. Samriddhi Nirman and Suppliers Pvt. Ltd.	रु.२७,६८,२०७११ (सत्ताइस लाख अठसट्ठी हजार दुइ सय सात रुपैंया र पैसा एघार मात्र)

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
काठमाडौं

सिलवन्दी दरभाउपत्र सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०१/२५

प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन कार्यालयको E-Bid मार्फत मिति २०८०/०१/२५ गते निर्माण कार्य सम्बन्धि १५ दिने सूचना प्रकाशित भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरियको छ। यस कार्य सम्बन्धि थप जानकारी चाहिएमा यस कार्याल रहेको का.म.न.पा वडा नं. १४ कुलेश्वोर, फोन नं ०१-५१८७२८६, इमेल mopid3udboktm75@gmail.com वा www.bolpatra.gov.np/egp मा सम्पर्क गर्नु हुन अनुरोध छ।

Contract Identification No	Description of Works	Estimated Amount (Nrs) Including VAT, Contingency and PS
UDBO/KTM/WORKS/ SEAL/03-079/080	Construction of Blacktop Road at Bidhyanagar, Suryabinayak Mun-8, Bhaktapur	14,99,742.70
UDBO/KTM/WORKS/ SEAL/04-079/080	Road upgradation work nearby Suyam Marg Ashapuri Temple, Kathmandu Metro -32, Kathmandu	14,99,513.51
UDBO/KTM/WORKS/ SEAL/05-079/080	Road Upgradation work at Kathmandu Metro-32, Kathmandu	19,99,643.11
UDBO/KTM/WORKS/ SEAL/06-079/080	Road Upgradation work at Puspa Basti, Bhaktapur Mun-10, Bhaktapur	19,99,806.33
UDBO/KTM/WORKS/ SEAL/07-079/080	Construction of Blacktop Road at Pako Mahadevsthan, Gwarko, Lalitpur Metro-7, Lalitpur	19,97,889.83

कार्यालय प्रमुख

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

स्वयम्सेवक शिक्षक पदपुर्ति सम्बन्धि सुचना

दोस्रो पटक प्रकाशित मिति २०८०।०१।२५

यस चन्द्रनगर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयको लागि अस्थायी/करारमा स्वयम्सेवक शिक्षक खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपुर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका स्थायी अध्यापन अनुमति पत्र प्राप्त नगरेको इच्छुक उम्मेदवारहरुले पनि सूचना प्रकाशित मितिले १५ दिन भित्र रितपुर्वक दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

क्र. सं.	विज्ञापन नं.	तह	विषय	संख्या	उम्मेदवार हुन आवश्यक न्युनतम योग्यता
१.	१७/२०७९ /०८०	मा.वि.	नेपाली	२	• सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उतिर्ण गरेको • नेपाली नागरिकता प्राप्त गरेको • स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको वा नगरेकोले पनि दरखास्त दिन सकिन्छ। • उमेर दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तर यस चन्द्रनगर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक लाई (यस पटकको लागि मात्र) उमेर हद लाग्ने छैन।
२.	१८/२०७९ /०८०	मा.वि.	अङ्ग्रेजी	२	
३.	१९/२०७९ /०८०	मा.वि.	विज्ञान	३	

- परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र कक्षा आवलोकन
- पेश गर्नु पर्ने कागजात : उम्मेदवार हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता, नागरिकता, स्थायी अध्यापन अनुमति पत्र भए सोको र अनुभव भए सोको प्रमाण पत्रहरु स्वयंले प्रमाणित गरेको छाया कापी १/१ प्रति र पासपोट साईजको फोटो तीन प्रति परीक्षा संचालन मिति, समय र केन्द्र अर्को सुचनामा प्रकाशित गरिने छ।
- दरखास्त दस्तुर : मा.वि.तह रु.१०००/- चन्द्रनगर गाउँपालिका आन्तरिक राजस्व खाता नं.२२८०१०१७५.०००३१ (नबिल बैंक)वा आ.रा.शाखामा जम्मा गरी रसिदको सकल्वै भौचर दरखास्त फारमको साथ पेश गर्नु पर्नेछ।
- दरखास्त फारम पालिकाको वेवसाईट http:www.chandranagarmun.gov.np डाउनलोड गर्न सकिन्छ।
- सम्पर्क मिति : मिति २०८० जेष्ठ ०९ गते मंगलबार कार्यालय समयमा

(मदन बहादुर घिङ)
प्रमुख प्रशासकिय अधिकृत